उपभोक्ता समितिलाई योजना सम्झौता भएपश्चात कार्यादेश प्रदान गर्नुअघि नगर कार्यपालिकाको कार्यालयबाट अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

उपभोक्ता समिति सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित गर्न योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ लाई सामयिक संशोधन गरी लागु गरिनेछ।

### अनुगमन

बुढिगंगा नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न योजनाहरुलाई वडा स्तरीय तथा नगरपालिका स्तरीय गरी दुई वर्गमा विभाजन गरिनेछ। जसमा एकै वडाभित्र पर्ने आयोजनाहरुलाई वडा स्तरीय आयोजना र २ वा सो भन्दा बढी वडामा पर्ने आयोजनालाई नगरपालिका स्तरीय आयोजना मानिनेछ। ति आयोजनाहरुको अनुगमन क्रमशः वडा स्तरीय तथा नगरपालिका स्तरीय अनुगमन समितिबाट गरिनेछ।

अनुगमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन नगर कार्यपालिकाको कार्यालयको भूमिकालाई सबल, सक्षम तथा प्रभावकारी बनाइनेछ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन

उपलब्ध वन क्षेत्रबाट बुढिगंगा नगरपालिकाले कुल ग्राहस्थ उत्पादनमा सार्थक योगदान हुने सक्ने यथार्थलाई स्वीकार गर्दै वन क्षेत्रबाट रोजगारी सृजना गर्ने गरी एक बन एक उपभोक्ता समुहको स्थापना गरिनेछ।

बुढिगंगा नगरपालिकामा रहेका तालतलैया क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ।

बुढिगंगा नगरपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ।

बुढिगंगा नगरपालिका भित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ। यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ।

विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ।

वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाई सक्षम बनाइनेछ।

दीगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावरको उत्पादन वृद्धि गरिनेछ।

जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गरिनेछ।

नीजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गरिनेछ।

वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धनको लागि व्यवस्थापनलाई थप सक्षम बनाइनेछ।

167. धरातल अनुरुप उन्नत जातको बोटबिरुवाको वृक्षरोपणलाई प्रोत्साहन गरिनेछ।

### वन्यजन्तु

168. बुढिगंगा नगरपालिकाले सम्पूर्ण क्षेत्रको सम्भाव्यता अध्ययन गरी वन्यजन्तु आरक्षण क्षेत्र विकासको नीति अवलम्बन गरिनेछ।

169. वन्यजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजी क्षेत्रलाई आकर्षित गरिनेछ।

170. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ।

### भू- संरक्षण

171. बुढिगंगा नगरपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरुलाई नियन्त्रण र संरक्षण गरिनेछ।

172. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ।

173. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

### वातावरण

174. बुढिगंगा नगरपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरिनेछ। सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घरपरिवारलाई विशेष सम्मान र पुरस्कारको प्रदान गरिनेछ।

175. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ। वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ।

176. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावर उत्पादनको वृद्धि गरिनेछ ।

### पर्यावरण

177. पर्यावरण संरक्षणलाई सामाजिक उत्तरदायित्वको कामको सूचीमा प्राथमिकता दिइनेछ। कार्यालय कामकाजमा कार्यालयीय गतिविधिहरु सञ्चालन गर्दा Save the Office Paper Stop को अवधारणालाई कार्यान्वयन गरि पर्यावरण अभियान सञ्चालन गरिनेछ।

178. २० माइक्रोन भन्दा कम तौलका प्लाष्टिक झोलाको प्रयोगलाई प्रतिबन्धित गरिनेछ। प्लाष्टिक झोलाको सट्टामा कागजी झोला, जुटको झोलालाई प्रोत्साहन गरिनेछ।